# मनहरी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

रजैया मकवानपुर

बागमती प्रदेश, नेपाल

प.सं.: २०७९/०८०

च.नं.:

प्रथम पटक प्रकाशित मिति: २०७९-१२-१६

## नदीजन्य पदार्थको विक्रीका लागि बोलपत्र आव्हान सम्बन्धी सूचना

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२ क, सरकारी ठेक्का वन्दोवस्त ऐन, २०२० यस मनहरी गाउँपालिकाको सार्वजनिक खरिद नियमावली, २०७९ तथा आर्थिक ऐन, २०७९ को दफा १२ मा भएको व्यवस्था बमोजिम तपशिलमा उल्लिखित नदीहरुको स्वीकृत घाटहरुबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ(ग्राभेल) उत्खनन् गरी प्रदेश आर्थिक ऐन,२०७९ ले तोकेको दरमा विक्री गर्ने गरी ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले ईच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले फर्मको नवीकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०७८/०७९ को कर चुक्ता प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरु संलग्न गरी तपशिल बमोजिमका शर्तहरुको अधीनमा रही बोलपत्र प्रकृयामा सहभागी हुन सम्वन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

तपशिल:

| सि. नं. | सूचना नं./बोलपत्र नं. | बोलपत्रको नाम | उत्खनन् परिमाण (घन फिट) | न्यूनतम बोलपत्र रकम (सेवाशुल्क र मू.अ.कर) बाहेक | धरौटी रकम | बोलपत्र दस्तुर (रु.) |
|---|---|---|---|---|---|---|
| १. | 01-INC/NCB/MAN/079/080 | लोथर खोलाको नदीजन्य पदार्थ संकलन र विक्री | १९,७४,५६३.०० | १,७७,७१,५००.०० | कवोल रकमको ३ प्रतिशत | ३०००.०० |

शर्तहरु:

(१) फर्मको हकमा नविकरण भएको दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.ब. २०७८/०७९ को करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, बोलपत्र फाराम दस्तुर बापत यस कार्यालयमा नगदै तिरेको रसिद वा सिटिजन्स बैङ्क ईन्टरनेसनल लि. मनहरी शाखामा यस कार्यालयको आन्तरिक राजश्व खाता नं. ०६२०१०००००००२२०२ मा नगद जम्मा गरेको बैक भौचर साथ निवेदन पेश गरी यो सूचना प्रथम पटक प्रकाशत भएको मितिले ३० औं दिनको कार्यालय समयभित्र विद्युतीय माध्यमबाट बोलपत्र समावेश गर्न सकिनेछ ।

(२) सार्वजनिक खरिद अनुगमन कार्यालयको www.bolpatra.gov.np मा बोलपत्र सम्बन्धी कागजातहरु अपलोड गर्दा तोकिएको बोलपत्र दस्तुर माथी उल्लेखित खातामा जम्मा गरेको भौचर सहित बोलपत्र सम्बन्धी कागजात साथ संलग्न हुनु पर्नेछ ।

(३) बोलपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सोको लगत्तै पछीको कार्यालय खुल्ने दिन उल्लिखित कार्य तोकिए अनुसार हुनेछ ।

(४) बोलपत्र सम्बन्धी फाराम भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ ।

(५) तोकिएको धरौटी रकम सिटिजन्स बैङ्क ईन्टरनेसनल लि. मनहरी शाखामा यस कार्यालयको धरोटी खाता नं. ०६२०१००००३३१२०१ मा जम्मा गरी सोको सक्कल बैङ्क भौचर वा राष्ट बैङ्कबाट इजाजत प्राप्त क वर्गको वाणिज्य बैङ्कबाट यस कार्यालयको नाममा बोलपत्र नं. र नाम उल्लेख गरी १२० दिनको म्याद सहित जारी गरिएको बिड बण्ड समेत अपलोड गर्नु पर्नेछ ।

(६) एक फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाइने छैन ।

(७) रीतपूर्वक पर्न आएका बोलपत्र सम्बन्धी कागजातहरु पेश गर्ने अन्तिम दिनको भोलिपल्ट दिनको १२ बजे कार्यालयका प्रतिनिधि, निर्माण व्यवसायी वा निजको प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिनेछ ।

(८) बोलपत्रदाता वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र बाधा पर्ने छैन ।

(९) उक्त दिन विदा परेमा सो कार्य बिदाको लगत्तै पछि कार्यालय खुलेको दिनमा गरिनेछ ।

(१०) बोलपत्र सम्बन्धी विस्तृत जानकारी कार्यालयको वेभ साईटमा राखिनेछ ।

# मनहरी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
रजैया मकवानपुर

बागमती प्रदेश, नेपाल


प.सं.: २०७९/०८०

च.नं.:

(११) रीत नपुगी वा शर्तसहित पेश हुन आएका बोलपत्र स्वीकार गर्न यस कार्यालय बाध्य हुने छैन ।

(१२) बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

(१३) बोलपत्र स्वीकृत भएमा सो को सूचना पाएको वा घरदैलोमा सूचना टाँस भएको मितिले ७ दिनभित्र ब्यक्तीको हकमा मू.अ. कर दर्ता प्रमाणपत्र समेत लिई मु.अ.कर सहितको कबोल अंकको एकमुष्ठ रकम यस कार्यालयको धरौटी खातामा दाखिला गरेको बैक भौचर सहित कवुलियतनामा पेश गर्नुपर्नेछ ।

(१४) कवुलियतनामा यस सूचनाको शर्त बमोजिम भएमा कार्यालयले संझौता गरी सोहि दिन कार्यालय समय भित्र ठेक्का चलनको पट्टा कार्यदेश दिनेछ ।

(१५) नियमानुसार नेपाल सरकारलाई आयकर तथा अन्य कर बोलपत्रदाताले छुट्टै बुझाउनु पर्नेछ ।

(१६) मनहरी तथा राप्ती नगरपालिकालाई बझाउनुपर्ने बाँकी बक्यौता रकम नबुझाएको तथा पेश्की वाँकी वा नगद जिन्सी वझाउन वाँकी रहकोले ठेक्का लिन पाउनेछैन। कुनै कारण वश त्यस्ता ब्यक्तीको ठेक्का स्वीकृत भएपनि पछि जानकारी हुन आएमा ठेक्का वदर गरी धरौटी लगायत बझाएको रकम समेत जफत गरि ठेक्का तोडिनेछ।

(१७) तोकिएको म्यादभित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार बोलपत्र वन्दोवस्त गरिनेछ ।

(१८) नदीको उत्खनन् क्षेत्र र उत्खनन् परीमाण र विधिका सन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सम्बन्धित स्थानीय तहबाट जारी भएका कानून, प्रदेश कानून तथा अन्य प्रचलित कानून वा मापदण्ड बमोजिम हुनेछ ।

(१९) ठेक्का संझौता भएपछि संयुक्त प्राविधिक समितिले तोकिएको चारकिल्ला भित्रवाट मात्र नदीजन्य पदार्थ निकाल्नु पर्नेछ ।

(२०) उत्खनन कार्यमा प्रयोग हुने मेसिनरी औजारहरुका सम्वन्धमा राप्ती नगरपालिका र मनहरी गाउँपालिकाको संयुक्त कार्यपालिका बैठकले गरेको निर्णयानुसार हुनेछ ।

(२१) अनुगमन सम्वन्धी कार्य प्रतिवेदन तथा मनहरी गाउँपालिका, राप्ती नगरपालिका र चितवन राष्ट्रिय निकुञ्ज कार्यालयवाट हुनेछ । अनुगमन सम्वन्धी थप संयन्त्रको ब्यवस्था संझौतामा तोकिए बमोजिम हुनेछ ।

(२२) राप्ती नगरपालिका कार्यालयबाट गरिएको प्रारंभिक वातावरणीय अध्ययन प्रतिवेदन यस ठेक्काको अभिन्न अंग मानिनेछ ।

(२३) यस ठेक्का बमोजिम उत्खनन अवधि वाढिको जोखिम नभएसम्म वढिमा २०८० जेष्ठ मसान्त सम्म हुनेछ । ठेक्का परिमाण विक्री गर्न वाँकि भएमा भण्डारण स्थलको परिमाण यकिन गरि विक्रीको अवधि २०८० आषाढ मसान्त सम्म हुनेछ ।उक्त समय पश्चात यस ठेक्का अवधि समाप्त हुनेछ ।

प्रमुख प्रशासकिय अधिकृत

मोहन कुमार श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत


फोन:०५७-४१९३०३वेवसाईट:www.manaharimun.gov.np, ईमेल:manaharimun@gmail.com


"शिक्षा स्वास्थ्य कृषि ग पुर्वाधार म्मृद् मनहरीको आधार"